# काठमाडौं मखनटोलस्थित गरुडको पादपीठ अभिलेख

–श्यामसुन्दर राजवंशी

काठमाडौं हनुमान्ढोका दरबार इलाकाको मखन टोलमा नारायण मन्दिरको सन्मुख एक प्रस्तरको गरुड मूर्ति अवस्थित छ। केही महीना अघिसम्म त्यस गरुडमूर्तिको आधा भाग जति जमीनमा गाडिएर रहेको थियो। हाल त्यस गरुडको मूर्तिलाई जमीनको माथि उठाइएको छ। त्यस मूर्तिको उचाइ करीब ५ फीट छ। गरुडमूर्तिले दाहिने घुँडोले टेकेर अंजुली बाँधी बसेको मुद्रामा छ। मूर्तिको खप्परको केही भाग फुटिसकेको छ। मूर्तिको मुखाकृति बाटुलो, जुंगा भएको, केश कल्कलाउँदो आकृति र कानमा कुण्डल, गलामा सर्पको माला बेरेको छ।

मूर्तिको स्वरूप र कलाकृतिलाई हेर्दा चाँगु-नारायण मन्दिर नजिकैको गरुडको मूर्ति जस्तै देखिन्छ। यद्यपि प्रतापादित्य पालको 'द आर्टस् अफ नेपाल' भन्ने पुस्तकमा त्यस मूर्तिको फोटो समेत दिइएको छ र यसलाई छैटौं शताब्दीको मूर्ति भनी लेखिएको पाइन्छ। (Pal- The Arts of Nepal Sculpture I, Photo plate No 99/100) यस्तै प्रकारले अन्य पुरातत्त्वविद्हरूले पनि छैटौं शताब्दीको मूर्ति भनेरै मान्दै आएको पाइन्छ।

प्रस्तुत मूर्तिको आधा भाग मात्र देखिने गरी गाडिएर रहेको त्यस मूर्तिलाई अब पूरा देखिने गरी जमीन माथि उठाएर राखी दिंदा मूर्तिको पादपीठमा अभिलेख उत्कीर्ण रहेको पाइयो। मूर्तिको पादपीठ अभिलेखमा मिति 'ने.सं. ७०३ आषाढ शुक्ल पक्ष तृतीया' उत्कीर्ण रहेको हुनाले त्यो मूर्ति छैटौं शताब्दीको नभएर सत्रौं शताब्दीको हो भन्ने कुरा प्रमाणित हुन आएको छ।

मूर्तिको पादपीठको दायाँ, अगाडि र बायाँ तीन साइडमा अभिलेख कोरिएको पाइन्छ। पादपीठ अभिलेख दायाँपट्टिको नाप २०×८ इन्चमा ६ पंक्ति अभिलेख, त्यस्तै अगाडिपट्टिको नाप ३५×८ इन्चमा ७ पंक्ति अभिलेख र बायाँपट्टिको नाप २०×८ इन्चमा ५ पंक्ति अभिलेख प्रचलित नेवारी लिपिमा अभिलेख उत्कीर्ण गरिएका छन्। अभिलेखमा राजा शिवसिंहदेव र राजा रणजीत सिंह देवको संयुक्त शासन भएको समयमा खप्व (भक्तपुर) मंगला छे टोलका न्हुरछे राजवंशका बाबु भन्ने व्यक्ति र उनका जहान हेलामयि, माहेलमयि, ग्वपिनिमयि, मालतिमयि, मधुलिकामयिले नारायण मन्दिर स्थापना गरी ब्राम्हण-द्वारा नित्यपूजा चलाउन जग्गा गुठी समेत राखी दिएको कुरा उल्लेख छ। अभिलेखको केही भाग खण्डित छ। अभिलेखको मूलपाठ:–

दायाँ

१. ॐ नमो नारायणाय॥ ..............
२. वाहन समेति करोतु कल्याण ............
३. श्री राजाधिराज श्री श्री जय शिवसि...श्रीश्री
४. जय रणजित सिंहदेव प्रभुठाकुरस विजय राज्ये ज्वजमान

५. श्री खप्व मंगला छे तोल न्हुरछे राजवंस उद्‌भव वावुसन श्री
६. श्री श्री मत यव भराडस तरूवावन आदि न यात व ...... जुरो

अगाडि

१. दवुरोव ४चागामक्व के फ ४० वुरोव ५ काहाला के फ ५......... त्यतेवे वुरो ४ ......... वु.
२. रोव ६ के फँ ६० गडवुरोव २ के फ १० गाम कवल कर्ष २ जुरो व्रखं प्रते थ्वते के प्यंदन जेवलहिक व्राम्हण तु विय
३. के फँ ९९× व्राम्हणजुन निस्त्रपे नित्य पूजा चेत सिधके ग्वड नित्यमत थ्वते व्राम्हणजुन निस्त्रपे माल जुरो । वसुवा धु
४. ल यातके फ ३१×. थ्वते जाकेन दानपत्रस चोङ थ्व निस्त्रपे मालजुरो ॥ पुतछा यातं के व ३७ थ्वते जाकेन दान
५. पत्रस चोङ थ्यं निस्त्रपे माल जुरो ॥ ॥ एन्द्रजात्रा यात के फँ ४ थ्वते जाकेन दानपत्रस चोग्वथ्य निस्त्रपे मा
६. ल जुरो ॥ ॥ कार्त्तिक यात जाके फ १५ थ्वते जाकेनशिव थाय वो अरागमतंव जुरो ॥ ॥ साछोन के
७. यात जाकेन १५× थ्वते जाकेन दानपत्रस चोग्व थ्यं निस्त्रपे माल जुरो ॥ ॥ भुय ज्वजमान हेलामयि सन माहे

बायाँ

१. ल मयिसन ग्वपिनि मयिसन मालतिमयिसन मधुलिकामयि
२. सन दूता गामक्वनल कष ४ जुरो व्रखं प्रते थ्वते वलयावलसान
३. न दवथ्य श्री एन्द्रजात्रानदेवल न्हवने वोय निसलाव जो पि ४ दो
४. यंक दानपत्रस चोग्व थ्यं निस्त्रपे माल जुरो ॥ ॥ सम्वत् ७०३ आ
५. षाढ मासे शुक्लः पक्षे ॥ तृतीयान्तिथौ ॥ ॥ शुभ ॥ .

**भावार्थः**– (बायाँ) ॐ नारायणलाई नमस्कार ...... वाहन समेत कल्याण गरून् ...... श्री राजाधिराज श्री श्री जय शिवसिह्देव श्री श्री जय रणजित सिंहदेव प्रभुथाकुरको विजय राज्यमा श्री खप्व मंगलाछे (भक्तपुर मंगलाछे) टोलका न्हुरछे राजवंशमा उत्पन्न भएका जजमान बाबुले श्री श्री मत यव भराड तरूवावन आदि (श्रीमत नारायण र वाहन) आदिलाई ...... खेत राखियो ।


(अगाडि) दवुरोपनि ४ चागामक्वबाट पाथि ४० खेत रोपनि ५ का हालबाट पाथि ५... त्यते खेत रोपनि ४...... खेत रोपनि ६ वाट पाथि ६० गडखेत रोपनि २वाट पाथि १० गामकवल खेत कर्ष २ राखियो । प्रतिवर्ष यसबाट श्राद्ध तथा व्राम्हण भोजन गराउन ९९½ पाथिले चलाउने नित्यपूजा र नित्य आरती ब्राम्हणबाटै गराउने गरियो । बृस्पतिबारको दिन धुलं पूजा गराउन ३१½ पाथिले दानपत्रमा लेखिए बमोजिम चलाउने । पुतछा पूजा गराउन ३७ पाथिले दानपत्रमा लेखिए बमोजिम चलाउने । इन्द्रजात्राको दिन ४ पाथि चामलले दानपत्रमा लेखिए बमोजिम चलाउने । कार्तिकको लागि १५ पाथि चामलले शिवजी थानमा आकाशवत्ती बाल्ने । गाईलाई गहुँ ख्वाउनका निमित्त १५½ पाथिले दानपत्रमा लेखिएबमोजिम चलाउने फेरि जजमान हेलामयि

(बायाँ) माहेलमयि ग्वपिनिमयि मालतिमयि मधुलिकामयि यिनीहरूले गामक्वनल खेत कर्ष ४ राखियो । यसले प्रत्येक वर्ष यसको आयस्ताले भ्याएसम्म इन्द्रजात्राको दिन देवल अगाडि ४ माग सिधा राखी दानपत्रमा लेखिए बमोजिम चलाउने । नेपाल संवत् ७०३ (वि.सं १६४०) आषाढ शुक्लपक्ष तृतीया तिथि शुभ ॥


**टिप्पणी**:– कान्तिपुरका राजा महेन्द्र मल्लको शेषपछि ज्येष्ठपुत्रको नाताले सदाशिव मल्ल राजा भए । राजा सदाशिव मल्ल साह्रै अत्याचारी भएको कारणले प्रजाहरू यिनीदेखि रूष्ट थिए । फलस्वरूप यिनको ठकुर्नी तर्फका भाइ शिवसिंह मल्लको बुद्धिमान, नीतिकुशल र धर्मपरायण व्यक्तित्व हुनाले प्रजाहरू शिवसिंह मल्लको समर्थनमा थिए । त्यसैले राजा शिवसिंहले प्रजाहरूको नेतृत्व गरी ने.सं. ६९८ (वि.सं. १६३५) देखि कान्तिपुरको राजा भई शासन संचालन गर्न थाले ।




मखन टोलस्थित गरुडको मूर्ति



मखन टोलस्थित गरुडको पादपीठको अभिलेख (दायाँ)



मखन टोलस्थित गरुडको पादपीठको अभिलेख (अगाडि)



मखन टोलस्थित गरुडको पादपीठको अभिलेख (बायाँ)

किनभने राजा शिवसिंह मल्लको अभिलेख ने.सं. ६९८ जेष्ठ शुक्ल पूर्णिमा (वि.सं. १६३५) देखि प्राप्त हुन थालेको पाइन्छ। (Regmi-Medieval Nepal, Part II, Page 46)

ने.सं. ६९८ देखि ७०१ (वि.सं १६३५-१६३८) सम्म कान्तिपुर राज्यका राजा सदाशिव मल्ल र शिवसिंह मल्लको द्वैध शासन भइरहेको कुरा देखिन्छ। यता ने.सं. ६९८ (वि.सं. १६३५) देखि शिवसिंह मल्लले शासन गर्न थालेको देखिन्छ भने उता राजा सदाशिव मल्लको ने.सं. ७०१ (वि.सं. १६३८) को अभिलेख पाइएकोले यिनको पनि शासन कायमै थियो भन्ने बुझिन्छ। (Regmi –Medieval Nepal, Part II, Page 46)

एकदिन राजा सदाशिव मल्ल मनहरातिर घुम्न गएको बेला प्रजाहरूले नोल मुडगल लिएर खेडेर पठाए। तब भक्तपुरमा गई शरण लिएर बस्न थाले। यिनको खराब आचरणको कारणले भक्तपुर दरबारको चोकमा नजरबन्द गरी राखे। यिनलाई थुनी राखेको चोकलाई सदाशिव चोक भन्ने गरिन्छ। (शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ १६५)

यसरी राजा सदाशिव मल्लको पलायनपछि कान्तिपुरको राज्यमा राजा शिवसिंह मल्ल र राजा रणजीतसिंह मल्लको संयुक्त शासन भएको देखा पर्‍यो। ने.सं. ७०३ (वि.सं. १६४०) को अहिले प्राप्त भएको प्रस्तुत अभिलेखमा "श्री राजाधिराज श्री श्री जय शिवसिंहदेव श्री श्री जय रणजित सिंहदेव प्रभुठाकुरस विजय राज्य" भनी उल्लेख गरिएको पाइन्छ। त्यस्तै ने.सं. ७०४ (वि.सं. १६४१) को चाँगुनारायण मन्दिरको भण्डारमा रहेको तामापत्रमा पनि "श्री राजाधिराज श्री श्री जय शिवसिंहदेव श्री श्री जयरणजित सिंहदेव उभय प्रभुठाकुरस विजयराज्य" भनी उल्लेख भएको पाइन्छ। (खनाल-चाँगुनारायणको ऐतिहासिक सामग्री, पृष्ठ २६८)

राजा रणजीत सिंहको नाम राजा शिवसिंहसंग संयुक्त शासकको रूपमा देखापरेका हुनाले यिनी राजपरिवारको एक महत्त्वपूर्ण व्यक्ति थिए भन्ने बुझिन्छ। यति मात्र होइन सदाशिव मल्ललाई पलायन गराउनुमा शिवसिंह र रणजीतसिंह दुवैको हात छ भन्ने निःसन्देह छ। राजा रणजीतसिंह राजा शिवसिंह मल्लको आफ्नै ठकुराईका कान्छो भाइ थिए। (खनाल-चाँगुनारायणको ऐतिहासिक सामग्री, पृष्ठ ३९)

धेरै काल नबित्दै कान्तिपुरमा ने.सं. ७०६ (वि.सं. १६४३) मा आएर राजा शिवसिंह मल्लको मात्रै एकलौटी शासन कायम हुन थालेको देखिन्छ। संभवतः यतिबेला राजा रणजीत सिंहको मृत्यु भइसकेको हुनु पर्दछ। ने.सं. ७०६ (वि.सं. १६४३) को काठमाडौं विश्वकर्मा विहारको शाक्यमुनि मन्दिरमा रहेको तामापत्र अभिलेखमा राजा शिवसिंह मल्लको नाम मात्र उल्लेख गरिएको छ। (Regmi- Medieval Nepal-II, Page 47) इतिहासमा राजा रणजीत सिंह मल्लको बारे विस्तृत जानकारीका स्रोतहरू अझै प्राप्त भएको छैन।

बाबुराम आचार्यको भनाइ अनुसार, शिवसिंह मल्लले ललितपुरमा आफ्ना छोरा हरिहरसिंह मल्ललाई प्रतिनिधि गरी पठाए झैं दोलखाको ठकुराईमा आफ्नो भाइ रणजीत सिंहलाई पठाए। यिनै रणजीतसिंहका छोरा इन्द्रसिंह थिए। (सूचना विभाग—मेचीदेखि महाकाली, भाग २, पृष्ठ ९२) तर दोलखाको इतिहासमा त्यसबेला रणजीत सिंहको नाम देखिंदैन। यिनै रणजीत सिंहका छोरा इन्द्रसिंह थिए भन्ने कुरा त झनै आधारहीन देखिन्छ।

राजा शिवसिंह मल्ल एक महत्त्वाकांक्षी र योग्य व्यक्ति हुनाले यिनले ललितपुर र दोलखालाई आफ्नो राज्यमा गाभ्ने योजना बनाए। ने.सं. ७१७ (वि.सं. १६५४) सम्म ललितपुरमा पुरन्दर सिंहले शासन गरिरहेकै थिए। (बज्राचार्य र श्रेष्ठ-दोलखाको ऐतिहासिक रूपरेखा, पृष्ठ ३९) त्यसपछि ललितपुर र दोलखा आफ्नो अधिकारमा लिए भन्ने बुझिन्छ। ललितपुरमा आफ्ना छोरा हरिहर सिंहलाई प्रतिनिधि गरी पठाए। दोलखालाई चाहिं आफ्नो अधीनस्थ मात्र गराई त्यहींको शासकलाई नै दिएको भन्ने बुझिन्छ। किनभने ने.सं. ७१९ (वि.सं. १६५५) मा दोलखाका शासक भीष्मदेवले राखेको अभिलेखमा

आफूलाई "दोलखाधिपति" भनी लेखिएको पाइँदैन । (बज्राचार्य र श्रेष्ठ-दोलखाको ऐतिहासिक रूपरेखा, पृष्ठ ३९) यसबाट दोलखा कान्तिपुरको अधीनस्थ भइसकेको बुझ्न सकिन्छ । यो भन्दा पहिले दोलखा एक स्वतन्त्र राज्य भनेर त्यहाँका शासकले "दोलखाधिपति" "राजाधिराज" भनेर आफूलाई स्वतन्त्र शासक भन्ने गर्दथे । यदि यतिबेला रणजीत सिंहलाई प्रतिनिधि गरी पठाएको कुरा सत्य भए भीष्मदेवको सट्टा रणजीत सिंह हुनुपर्ने थियो। तर ने.सं. ७०६ (वि.सं. १६४३) मै राजा रणजीत सिंहको नाम इतिहासमा नदेखिएको हुनाले ने.सं. ७१९ (वि.सं. १६५५) मा दोलखाको निम्ति प्रतिनिधि हुनु असंभव भन्न सकिन्छ । दोलखाको शासक उजोतदेव पछि गोविन्ददेव त्यहाँका शासक भए। यिनको पनि वि.सं. १५९१ मा मृत्यु भयो र त्यसपछि इन्द्रसिंह शासक भए । दोलखाको शासकहरूमध्ये इन्द्रसिंहको नाम विशिष्ट हुनुको साथै वहुचर्चित व्यक्तित्वको नामले चिन्हिन्छन् । दोलखाको इतिहासमा "राजाधिराज" भनेर लेख्ने पहिलो शासक यिनै इन्द्रसिंह थिए। (बज्राचार्य र श्रेष्ठ - दोलखाको ऐतिहासिक रूपरेखा, पृष्ठ २८)

कान्तिपुरका राजा महेन्द्र मल्लले चाँदीको मोहर प्रचलन गर्नु भन्दा पहिला दोलखामा इन्द्रसिंहले चाँदीको मोहर चलाएका थिए । हुन पनि कान्तिपुरमा महेन्द्र मल्ल राजा हुनु अघि दोलखामा इन्द्रसिंह शासक थिए। यता महेन्द्र मल्लको राज्यकाल ने.सं. ६८०—६९४ (वि.सं १६१७—१६३१) को बीच देखिन्छ भने उता इन्द्रसिंहको शासनकाल ने.सं. ६६५ (वि.सं १६०२)—ने.सं. ६६८ (वि.सं. १६०५) बीच देखिन्छ । यिनको ने.सं. ६६६ (वि.सं १६०३) को रानी दरबारको अभिलेखमा आफूलाई "राजाधिराज" भनेर लेखिएको छ र यहीबेला चाँदीको मोहर पनि प्रचलन गरेका छन् भन्ने कुरामा इतिहासकारहरूको एक मत पाइन्छ । (बज्राचार्य र श्रेष्ठ—दोलखाको ऐतिहासिक रूपरेखा, पृष्ठ ३०)

मल्लकालीन कान्तिपुरको इतिहासमा राजा शिवसिंह मल्ललाई एक प्रजापालक धर्मपरायण व्यक्तित्वका रूपमा चिह्निन्छन् । राजा शिवसिंहले प्रत्येक दिन प्रजाहरूको घरघरमा चुलो बलेको धुँवा आएको हेर्ने गर्दथे । यदि कुनै घरमा धुँवा आएको देखिएन भने तुरून्त सोध्न पठाउँथे । त्यसपछि आफू खाने स्वभावका प्रजापालक राजा थिए भन्ने किंवदन्तीहरू पाइन्छ । नेपालको धार्मिक इतिहासमा प्राचीनकालदेखि नेपाल धर्म सहिष्णुताको विशेषता भएको कारणले यिनको पनि सहिष्णुको नीति रहेको पाइन्छ । यिनको पालामा विभिन्न धर्म बौद्ध, वैष्णव, शैव अनेक देवदेवताका मन्दिरहरू बनेको र जीर्णोद्धारहरू भएको इतिहासमा देखिन्छ ।

यिनले स्वयंभूनाथको जीर्णोद्धार गरे भन्ने कुरा त्यहाँको ने. सं. ७१४ माघ (वि. सं.१६५१) को अभिलेखबाट बुझिन्छ । यिनको रानीको नाम गंगादेवी थिइन् । तिनी पनि अति धर्मपरायणा थिइन् । यिनै रानीको नाममा बनाएको वनलाई रानीवन भनिन्छ । यिनले पशुपतिनाथको मन्दिरलाई जीर्णोद्धार गरेका थिए । पहिले पशुपतिनाथको मन्दिरको तीन छाना थियो । माझको छाना जीर्ण भएकोले त्यसलाई झिकी सुनको गजूर राखी छानामा सुनका मोलम्बा गरी वर्तमान पशुपति मन्दिरको रूप यिनैको पालामा बनेको थियो । (ज्ञवाली—नेपाल उपत्यकाको मध्यकालीन इतिहास, पृष्ठ १३१) यी बाहेक अनेकन देवदेवताको मन्दिरहरू बने जसमध्ये मखन टोलको नारायण मन्दिर पनि एक थियो, जुन त्यहाँको मन्दिरको सामु राखेको गरुड मूर्तिको पादपीठ अभिलेखमा लोककल्याणका लागि राजा शिवसिंह र राजा रणजीत सिंहको विजय राज्यको बेलामा मन्दिर र गरुड थापना गरिएको हो भन्ने उल्लेख छ । यस अभिलेखबाट गरुड मूर्ति कुन शताब्दीको भन्ने कुरा यकिन साथ भन्न सजिलो भएको छ । साथै यसबाट इतिहासलाई धेरै कुरामा पुष्टिका लागि उपयोगी भएको छ ।

राजा शिवसिंहले मोरंग र मकवानपुर बीच झगडा पर्दा मकवानपुरले अन्याय गरेको थाहा पाएर मोरंगलाई सहायता दिएका थिए । (मुनकर्मी—नेपालको

सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, पृष्ठ २४९) यसप्रकार लिस्ति केरुङ मकवानपुर सिन्धुली पश्चिमतिर गण्डकीपारीसम्म आफ्नो प्रभाव फैलाएका थिए। त्यसकारण राजा शिवसिंहको राज्यकालमा निर्माण कार्यभन्दा अधिकांश समय युद्धमा नै बितेको देखिन्छ। (दाहाल–नेपालको मल्लकालीन इतिहास, पृष्ठ ४७)

शिवसिंह मल्लले ललितपुर जितेपछि आफ्नो छोरा हरिहरसिंह मल्ललाई ललितपुरको लागि प्रतिनिधि गरी पठाएका थिए। यिनको चाँडै मृत्यु भएकोले निजका पत्नी लालमती गर्भवती भएकोले पुत्र पैदा भएमा ललितपुर राज्य दिउँला भनी आश्वासन दिएर सति जानबाट रोकेका थिए। छोराको मृत्यु भएपछि ललितपुरको शासन पनि आफैंले चलाए। लालमतीको गर्भबाट पाएको कान्छो नाति सिद्धनरसिंह मल्लको बाह्र वर्ष उमेर भएपछि वि. सं. १६७५ (ने. सं. ७३८) मा ललितपुरको राजगद्दी दिए। यो देखेर यता जेठो नाति लक्ष्मीनरसिंह मल्ल दरबार छोडी बाहिर बस्न थाले तब उनलाई पनि बोलाएर कान्तिपुरको राज्य दिए। (दाहाल –नेपालको मल्लकालीन इतिहास, पृष्ठ ४८)

वि. सं. १६७७ (ने. सं. ७४०) मा कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्ल र ललितपुरका राजा सिद्धिनरसिंह दुई दाजु भाइले 'एकानि शत्रु एकानि मित्रु' भनी दुई स्वतन्त्र राज्यको रूपमा सन्धि गरी राज्य गर्न थाले। (संशोधन मण्डल –इतिहास संशोधनको प्रमाण प्रमेयको मूलभाग, पृष्ठ ३) राजा शिवसिंह मल्लको अभिलेख ने. सं. ७३७ (वि. सं. १६७४) सम्म पाइन्छ। (Regmi– Medieval Nepal, Part II, Page 54) किन्तु यिनको मृत्यु वि. सं. १६७७ (ने. सं. ७४०) वैशाखमा भएको भनी तत्कालीन ऐतिहासिक स्रोतमा लेखिएको छ भनी इतिहासमा पाइन्छ। (दाहाल –नेपालको मल्लकालीन इतिहास, पृष्ठ ४८) यिनको मृत्युको विषयमा रोचक कथा पाइन्छ। राजा शिवसिंह र रानी गंगादेवी एकै समयमा मृत्यु भएको थियो जुन बेला पशुपतिमा ठूलो आवाज आएको थियो जुन आवाज सुन्ने जति बहिरा भए भनी वंशावलीहरूमा पाइन्छ। (मुनकर्मी–नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, पृष्ठ २५०)

ऐतिहासिक स्रोतहरूको प्रमाणित आधार नपाएसम्म काठमाडौं मखन टोलस्थित गरुड मूर्तिलाई छैटौं शताब्दीको मूर्ति भनेर मान्दै आएकोमा त्यस मूर्तिको पादपीठ अभिलेखद्वारा सत्रौं शताब्दीको मूर्ति भनेर प्रमाणित भइदिएको छ। यस अभिलेखको सहायताले राजा शिवसिंह मल्ल र राजा रणजीतसिंह मल्ल दुई दाजु भाइको संयुक्त शासन भएको कुरालाई पुष्टि गर्छ। परन्तु राजा रणजीत मल्लको बारेमा पुरा इतिहास जान्नको लागि यति मात्रले पर्याप्त भएको छैन। यति चाहिं अवश्य भन्न सकिन्छ कि मल्लकालीन इतिहासमा राजा रणजीतसिंह मल्लको पनि महत्त्वपूर्ण स्थान रहेछ। यिनलाई दोलखाको निमित्त प्रतिनिधि गरी पठाएको भनी कतै चर्चा छ तर सही ऐतिहासिक स्रोत भने पाइएको छैन। राजा रणजीत सिंहका छोरा दोलखाका ख्याति पाएका शासक इन्द्रसिंह थिए भन्ने कुरा त बिलकुलै नमिलेको देखिन्छ। राजा शिवसिंह मल्लले आफ्नो राज्यकालको शुरूमा आफ्नो दाजु सदाशिव मल्लको विरोधमा द्वैध शासन गर्न थालेको देखिन्छ। सदाशिव मल्ल धपिए पछि कान्छो भाइ रणजीत सिंहसंग मिलेर संयुक्त शासन गरेको पाइएको कुरा प्राप्त अभिलेखबाट स्पष्ट पार्दछ। त्यसपछि शिवसिंह मल्लको एकलौटी शासन कायम भएपछि राज्य विस्तार गर्न थालेको बुझिन्छ। तर अन्त्यमा कान्तिपुर आफ्नो जेठा नाति लक्ष्मीनरसिंहलाई दिए र ललितपुर कान्छा नाति सिद्धिनरसिंहलाई दिए। यसप्रकार मल्लकालीन इतिहासमा यक्षमल्लपछि राजा शिवसिंह मल्लको पालामा पुनः राज्य विभाजन हुन गयो।

**सन्दर्भ–ग्रन्थहरू**

1) Pal, Pratapaditya –The Arts of Nepal Sculptur, Volume One, Leiden/Koln, E.J. Brill, 1974, Photo plate No 99/100.

2) Regmi, D. R.– Medieval Nepal, Part II, Firma K. L. Mukhopadhyay, Calcutta 1966.

३) खनाल, मोहनप्रसाद – चाँगुनारायणको ऐतिहासिक सामग्री, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, रजत जयन्ती प्रकाशन, २०४० आश्वीन ।

४) दाहाल, पेशल –नेपालको मल्लकालीन इतिहास, २०४१ ।

५) बज्राचार्य, धनवज्र तथा श्रेष्ठ, टेकबहादुर –दोलखाको ऐतिहासिक रूपरेखा, नेपाल एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्व–विद्यालय, २०३१ ।

६) मुनकर्मी, लीलाभक्त – नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, २०४१ ।

७) शर्मा, बालचन्द्र –नेपालको ऐतिहासिक रूपरेखा ।

८) सूचना विभाग –मेचीदेखि महाकाली, भाग २ ।

९) संशोधन मण्डल –इतिहास संशोधनको प्रमाण प्रमेय, पहिलो भाग, २०१९ ।

१०) ज्ञवाली, सूर्यविक्रम –नेपाल उपत्यकाको मध्य–कालीन इतिहास, रोयल नेपाल एकेडेमी, २०१९ ।